नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
# वैदेशिक रोजगार बोर्डको सचिवालय
(प्रशासन, योजना तथा अनुगमन शाखा)

बबरमहल, काठमाडौं
फोन नं. ०१-५३२०३११,
०१-५३२०४३३/५६७
फ्याक्स नं. : ०१-५३२०५४३
Email : info@fepb.gov.np


प.सं. २०८०/८१
च.नं. ४२१

मिति: २०८०/०८/०४

श्री स्थानीय तह (७५३) सबै ।

विषय: वैदेशिक रोजगार सन्तती छात्रवृत्ति कार्यक्रममा सिफारिस गरि पठाईदिनुहुन।

प्रस्तुत विषयमा वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० बमोजिम वैदेशिक रोजगारीमा गई मृत्यु भएका वा शत प्रतिशत अशक्त भएका एवं यस सचिवालयको कल्याणकारी कोषबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका विद्यालयमा अध्ययनरत १८ वर्ष मुनिका बालबालिकाहरुलाई उपलब्ध गराईने छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका विद्यार्थीहरुलाई सो कार्यक्रममा आवद्ध गर्ने सम्बन्धी यस सचिवालयको मिति २०८०/८/४ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनाको प्रतिलिपी यसैसाथ संलग्न छ । सम्पूर्ण व्यहोरा सोही पत्रबाट अवगत गरी तहाँ पालिका अन्तर्गतका विद्यालयहरुमा सम्प्रेषण एवं कार्यविधि बमोजिमको प्रक्रिया पुरा गरी २०८० पौष मसान्तसम्म यस सचिवालयमा विवरण पठाईदिनुहुन अनुरोध छ । वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० तथा विस्तृत सूचना यस सचिवालयको वेब साईट www.feb.gov.np बाट डाउनलोड गरी विस्तृत विवरण प्राप्त गर्न सकिनेछ ।

श्री रोजगार शाखा
१. सबै वडा कार्यालयहरुमा पत्राचार गर्ने ।
२. Website मार्फत प्रचारप्रसार गरिदिने

(टिकाराम ढकाल)
निर्देशक

अन्नपूर्ण गाउँपालिका
दर्ता नं.: १८९२
दर्ता मिति: २०८०।८।२४